परिवर्तनको लागि



# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक २४ २०८२ पुस २६ आईतवार Sunday, 28 JAN 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## राजवंशी समुदायको भक्का दिवस्



भक्का दिवसको अवसरमा गरिएको कार्यक्रममा आएका अतिथिहरुलाई खुवाउन भक्का बनाउँदै, खुवाउँदै । तस्वीर : मंजु शर्मा

विराटनगर । आदीवासी समुदायमा सुचीकृत भएका राजवंशी समुदायले केह्री वर्ष देखि मनाउँदै आएका भक्का/पिठ दिवस राजवंशी समाज विकास गाउँ समिति कटहरीले भव्य रुपमा भक्का दिवस मनाएका छन् ।

भक्का दिवसका प्रमुख अतिथी भौतिक पूर्वाधार विकास मन्त्रालयका पूर्व राज्य मन्त्री मानन्नीय भूमि प्रसाद राजवंशीले सम्बोधन गर्दै भने राजवंशी समुदायमा 'राजवंशी पहिचान बोल आर पहिरन आर खानपान' नारा अन्तर्ग दर्जनो रितिरिवाज, रहन सहन, पूजापाठ विधीहरु रहेका छन् । त्यस मध्ये राजवंशी समुदाय खानपानमा भक्का पनि एक हो केही वर्ष देखि भक्का दिवस भव्य रुपमा मनाउँदै आएका छौ । भक्का लगायतका परिकार, पर्वहरु, पहिरणहरुको संरक्षणको लागि सम्पूर्ण राजवंशी समुदाय एक ढिक्का भएर लाग्नु पर्ने वताए ।

जाडो सिजनमा राजवंशी जातिमा भक्का खाने परम्परागत चलन छ । पछिल्लो समय भक्का चोक बजारमा खाजाको रुपमा समेत खान पाइन्छ । अर्ग्यानिक र स्वस्थ्यकर हुने भएकाले भक्का विपन्न वर्गको मौसमी व्यापार समेत बनेको छ ।

भक्का खाजाको रुपमा लोकप्रिय छ । परम्परागत खाना व्यवसायी बन्दै गएपछि राजवंशी जातिले यसको संरक्षण र प्रवर्धन गर्न भन्दै केही वर्ष यता राजवंशी विकास समिति लागि परेको विशिष्ठ अतिथी पूर्व गृहराज्य मन्त्री भीमराज चौधरी राजवंशीले वताए ।

दिवसको अवसरमा राज-

वांकी अन्तिम पेजमा...

## फित्तलो सुरक्षाको कारण मन्दिरमा पटक-पटक चोरी

विराटनगर । मोरङको पुरानो सदरमुका अहिलेको रंगेली नगरपालिका-७ मा रहेको ऐतिहासिक एवंम् धार्मिक आस्था बोकेको संसारीमाई मन्दिरमा फित्तलो सुरक्षाका कारण पटक-पटक चोरी हुँदै आएको छ । सुरक्षाको कमी कमजोरीका कारण मन्दिरमा पटक पटक चोरी भएपछि स्थानीय बासीले सुरक्षा निकाई प्रति प्रश्न खडा गरेका छन् ।

ऐतिहासिक एवं धार्मिक आस्था बोकेको संसारीमाई मन्दिरमा गत शनिवार राती अज्ञात समूहले मन्दिरको मुख्य गेटको ताल्चा फोडेर बहुमूल्य सुन चाँदीका र दान पेटीका राखिएको नगद समेत चोरी गरेका थिए । यस अघि पनि संसारीमाई मन्दिरमा बहुमूल्य सामग्रीहरू चोरी भएको थियो ।

मन्दिरमा दैनिक जसो पूजाअचर्ना गर्न आउने भक्तजन हरुको भुइँचो लाग्ने संसारीमाई मन्दिरमा सुरक्षको कुनै प्रवन्ध नमिलएको स्थानीहरुले गुनासो गरेका छन् । उक्त घटनाको विषयमा मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालसंग जिज्ञासा राख्दा उहाँले मन्दिरमा रातको समयमा योजनाबद्ध रूपमा चोरी भएको देखिन्छ । अहिले यस विषयमा प्रहरीले कडा रुपमा अनुसनधान थालेको उहाँले प्रतिक्रिया दिए ।

प्रवक्ता डीएसपी चुँडालले ईलाका प्रहरी कार्यालय रंगेलीका इन्स्पेक्टर नरेन्द्रकुमार बोगटीको नेतृत्वमा प्रहरी टोलीले अनुसन्धान सुरु गरेको भन्दै प्रहरीले मुचुल्का

वांकी अन्तिम पेजमा...

## १४ औं साधारणसभा सम्पन्न



विरानगर । गणेश प्रगति सेवा समाज विराटनगर-८ को १४ औं वार्षिक साधारण सभा गणेश मन्दिरको सभाहलमा भव्य रूपमा सम्पन्न भएकोछ ।

साधारण सभा प्रमुख अतिथि वरिष्ठ अधिवक्ता शिव प्रसाद आचार्यले तीनै तहको सरकारले सहयोग गर्नुपर्ने वताउँदै मन्दिरमा ४ कट्ठा ७ धुर जग्गा दान गर्ने दाता केदार प्रसाद कोईरालाई धन्यवाद दिएका थिए ।

उक्त अवसरमा श्यामसुन्दर सुतिहार, लक्ष्मी पोखरेल सुरेश चौधरी लगायत तीन दर्जन आजीवन सदस्यता लिनुहुने हरूलाई खादा र प्रमाणपत्रले सम्मान गरेका थिए ।

गणेश प्रगति सेवा समाजका अध्यक्ष राजेन्द्र थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । वहाँले २०८१/०८२ कुल ३ लाख १९ हजार ८ सय आन्दानी र कुल खर्च १ लाख ८३ हजारको विवरण प्रस्तुत गरेका थिए ।

गणेश प्रगति सेवा समाजको स्थापक सदस्य दमन ढुगाना, वरिष्ठ अधिवक्ता रामलाल सुतिहार, प्रा.डा. देवी वहादुर थापा लगायतको उल्लेख्य उसपस्थिति रहेको थियो । गणेश प्रगति सेवा समाजको २०६० सालमा स्थापना भएको थियो ।

## राष्ट्रिय सभा सदस्यको लागि उम्मेदवारी दर्ता

**पदमकुमार सरदार**

विराटनगर । आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि कोशी प्रदेशमा नेपाली कांग्रेस र नेकपा (एमाले) गठबन्धनका उम्मेदवारहरूले आफ्नो मनोनयन निर्वाचन आयोग प्रदेश निर्वाचन कार्यालय विराटनगरमा आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।


बुधबार विराटनग रस्थित निर्वाचने कार्यालयमा पुगेर गठबन्धनका तीनै जना साझा उम्मेदवारहरूले उत्साहजनक रूपमा उम्मेदवारी दर्ता गराएका थिए । गठबन्धनका तर्फबाट नेपाली कांग्रेसले अन्य समूहमा र नेकपा एमालेले दलित र महिला कोटामा उम्मेदवारी दिएका छन् ।

जसअनुसार अन्य समूहमा कांग्रेसका सुनिलबहादुर थापा, दलित कोटामा एमालेका सोम पोर्तेल र महिला कोटामा एमालेकै रोशनी मेचेले उम्मेदवारी दर्ता गरेका हुन् । राष्ट्रिय सभा निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार सुनिल थापा अन्य कोटाबाट निर्विरोध निर्वाचित भएका छन् ।

कोशी प्रदेशको अन्यतर्फको कोटामा नेकपाका हेमराज घिमिरे उम्मेदवारी दर्ता गर्न नआएपछि थापा निर्विरोध निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत भीष्मराज प्रसाईंले जानकारी वताएका थिए । यता नेपाली कम्यूनीष्ट पार्टीबाट दलित कोटामा खेमराज नेपाली, महिला कोटामा नम्रता न्यौपानेले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन आयोगले तय गरेको कार्यतालिका अनुसार, रिक्त हुन लागेको १८ सदस्य पदका लागि उम्मेदवारहरूको मनोनयन दर्ता गराएको थियो ।

अन्तिम मतदाता नामावली सार्वजनिक मनोनयन दर्ता भएका नमावली (पुस २४ गते) उम्मेदवारको दावी विरोधमा उजुरी दिने समय तोकिएको निर्वाचन अधिकृतको कार्यालय विराटनगरले जनाएको छ । मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी पुस २७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

सोही दिन उम्मेदवारले चाहेमा नाम फिर्ता लिन सक्नेछन् भने पुस २८ गते उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरिने आयोगले जनाएको छ । यसपालिको निर्वाचनमा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नयाँ मतभार कायम गरिएको छ । निर्वाचनमा प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख-उपप्रमुख र अध्यक्ष-उपाध्यक्षले मतदान गर्नेछन्



## राजवंशी...

वंशी संस्कृतिको पहिरनमा नाचगान गर्नुका साथै समाजका उच्च ओहदाका व्यक्तिहरुलाई सम्मान गर्दै मायाको चिनो वितरण गरेको थियो ।

भक्का दिवसमा आएका प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथी लगायत अन्य आगन्तुक पाहुनाहरुलाई अचारसँग भक्का, आलुचप लगायतका परिकारहरु खुवाएर स्वागत गरेका थिए ।

भक्का दिवस कार्यक्रम राजवंशी समाज विकास गाउँ कार्य समिति कटहरी अध्यक्ष उमेश प्रसाद राजवंशीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## फितलो...

उठाउने र शंकास्पद व्यक्तिहरू लाई सोधपुछको क्रममा ल्याउने गरेको उहाँले जानकारी दिए । यता यस विषयमा मन्दिर व्यवस्थापनका अध्यक्ष सन्जिव श्रेष्ठसंग जिज्ञासा राख्दा उहाँले मन्दिर परिसर भित्र तत्काल सुरक्षाको व्यवस्थापन गर्ने प्रतिवद्धता जनाएका छन् ।

संसारी माताका एक थान साना मूर्ति, ठूलो मूर्तिमा लगाइएका ५० तौला बराबरको चाँदीका गरगहना र दानपेटिकाको सिसा फुटाएर भित्र रहेको करीब ३० हजार नगद चोरी भएको मन्दिरका मेनेजर पंकज भाले जानकारी वताए । मेनेजर भाले आईतबार बिहान मन्दिरमा पूजा गर्नेक्रममा चोरीभएको थाह पाएको थियो । घटना भएको थाह पाउन लगतै तत्काल घटनाबारे ईलाका प्रहरी कार्यालय रंगेलीलाई जानकारी गराएको भाले वताए ।

धार्मिक स्थलमै चोरी भएपछि स्थानीय बासिन्दा यतिबेला आक्रोशित भएका छन् । उनीहरूले मन्दिरको सुरक्षामा प्रश्न उठाउँदै दोषीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न र धार्मिक स्थलहरूमा सीसीटीभी तथा थप सुरक्षाको व्यवस्था मिलाउन माग गरेका छन् ।

# सहमति शिक्षा बचत तथा ऋण सहकारीको १३ औं साधारणसभा सम्पन्न









विराटनगर । सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लिमिटेड विराटनगर-८ ले १३ औ साधारणसभा भव्य रूपमा सम्पन्न भएकोछ ।

साधारणसभाका प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य खड्ग बहादुर बस्नेतले केही सहकारीको बदमासीको कारण बदनाम भए पनि सहकारीले गर्दा नै कतिपयको जीवन सुधार भएको उदाहरण पनि छ । त्यसैले सहकारी कसरी चलाउने हो संचालक समिति र सदस्यहरमा निर्भर हुन्छ । त्यसैले यो सहकारीको म स्यम सदस्य भएकोले यो सहकारी एकदम उन्नति र प्रगतिमा रहेको वताए ।

सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था अध्यक्ष राजेन्द्र कुमार थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक वर्ष २०८१/०८२ मा कुल आन्दानी ३२ लाख ६३ हजार र खर्च ३१ लाख ७४ हजार १ सय २२ रूपिया गरी ८८ हजार ९ सय ६७ आन्दनी गरेकोछ । सहकारीको कुल सम्पत्ति २ करोड ७० लाख ८८ हजार ९ सय २६ रहेकोछ । सहकारीमा ३३१ सदस्य रहेकोमा महिला १५६ र पुरूष १८७ र अन्य २ रहेका छन् ।

सहकारीले एसईईमा उत्कृष्ट अंक ल्याउने श्रेय शर्मा (४ जिपिए) लाई नगद र प्रमाणपत्र सहित सम्मानित गरिएकोछ भने आयुष्मा निरौलालाई सम्मान पत्रले सम्मानित गरेका थिए । त्यसैगरी प्लस टुमा उत्कृट अंक ल्याउने राधिका रायलाई नगद सहित सम्मान र सुदिप चौधरी, संतोषी रायलाई सम्मान गरेका थिए ।

सेयर सदस्य मध्ये जेष्ठ सदस्य मणिलाल चौधरीलाई नगद सहित दोसल्ला ओढाएर सम्मान गरेका थिए । त्यसैगरी उत्कृष्ट बचत कर्ता ओमप्रकाश मेहता र प्रकाश ठाकुर साथै उत्कृष्ट रिणी प्रदीप कुमार तुलाधर र ममता कुमारी साहलाई नगद सहित सम्मान गरेका थिए । सहकारीको स्थापना २०६९ मा स्थापना गरिएको थियो ।


## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

*जाडो तथा चिसोको समयमा,*
*- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,ह्रदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।*
*- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।*
*- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।*
*- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।*
*- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।*
*- घर तथा कोठा न्यानो बनाऔं ।*
*- नियमित घाम ताप्ने गरौं ।*
**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

वडा अध्यक्ष : अर्जुन गिरी
१० नं. वडा कार्यालय विराटनग
महानगरपालिका, मोरंग



## मतदानमा सहभागी बनौं ।

- मतदान गुर्न नागरिको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारी पूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरूमा लिएर जाऔं ।
- दवाव र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकको आधारमा मतदान गरौं ।
- अस्वस्थ्य, जेष्ठ नागरिक तथा अपाँग भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सदभाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधी छानौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

*जाडो तथा चिसोको समयमा,*
*- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,ह्रदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।*
*- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।*
*- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।*
*- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।*
*- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।*
*- घर तथा कोठा न्यानो बनाऔं ।*
*- नियमित घाम ताप्ने गरौं ।*
**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

वडा अध्यक्ष : मधुबाबु तिवारी
७ नं. वडा कार्यालय विराटनग
महानगरपालिका, मोरंग


परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# निर्वाचनको लागि आचारसंहिता

जेनजी यूवा समुहले भाद्र २३ र २४ गतेको अन्दोलनको बलमा बनेको शुशीलाल कार्की नेतेत्वको सरकारले फागुन २१ गते प्रतिनिधी सभाको निर्वाचन तोकि सकेको छ। निर्वाचनको लागि राजनीतिक दलहरुले समेत निर्वाचन कार्यालयमा दल दर्ता गरी उम्मदवार समेत घोषणा गरको अवस्था छ। निर्वाचनको लागि आचार संहित अतिवाश्यक छ। त्यो आचार संहिता माध ३ गते देखि लागु हुँदै छ। निर्वाचनले लोकतन्त्रको अभ्यासलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ। तर निर्वाचन केवल मतदानको दिनमा सीमित प्रक्रिया होइन, यो निष्पक्षता, पारदर्शिता र नैतिकताको कठोर परीक्षा पनि हो। यही कारण निर्वाचन आचारसंहिता केवल कानुनी दस्तावेज मात्र नभई सबै सरोकारवालाका लागि नैतिक मार्गदर्शक बन्नुपर्छ।

निर्वाचन आचारसंहिताले उम्मेदवार, राजनीतिक दल, सरकार, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारमाध्यम तथा मतदातासमेतलाई समान दायित्वमा बाँधेको हुन्छ। राज्यस्रोतको दुरुपयोग नगर्ने, पद र शक्तिको अनुचित प्रयोग रोक्ने, मतदातालाई प्रभाव पार्ने किसिमका प्रलोभन, धम्की वा गलत प्रचारबाट टाढा रहने व्यवस्था यसको मूल मर्म हो। आचारसंहिता कडाइका साथ पालना भएमा मात्र चुनाव निष्पक्ष र विश्वसनीय बन्न सक्छ। दुर्भाग्यवश, हाम्रा विगतका निर्वाचन अनुभवले देखाएको छ कि आचारसंहिता कागजमा सीमित हुने र व्यवहारमा उल्लङ्घन हुने प्रवृत्ति अझै हट्न सकेको छैन।

राजनीतिक दल र उम्मेदवारले आचारसंहिता पालनालाई बाध्यता होइन, प्रतिबद्धता ठान्नुपर्छ। मत जित्ने नाममा गलत हत्कण्डा अपनाउनु लोकतन्त्रप्रतिको अविश्वासलाई बढाउने काम मात्र हो। त्यस्तै, सञ्चारमाध्यमले पनि सनसनी होइन सत्यलाई प्राथमिकता दिँदै निष्पक्ष भूमिका निर्वाह गर्नुपर्छ। फागुन २१ को निर्वाचन आचारसंहिताको सम्मानसहित सम्पन्न भएमा मात्र यसले लोकतन्त्रलाई बलियो बनाउनेछ र जनताको विश्वास कायम रहनेछ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुर्‍याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# संघीयता महँगो कि राज्यले गर्ने खर्च गैरजिम्मेवार ?

**प्रकाश रेग्मी**

वर्तमान समयमा राजनीतिक र सार्वजनिक वित्तको विषयमा हुने बहसको प्रायः एउटा लोकप्रियतावादी निष्कर्ष छ-संघीयता महँगो भयो !

तर प्रश्न संघीयता महँगो भयो कि राज्यले गर्ने खर्च गैरजिम्मेवार भयो भन्ने हो। अनावश्यक र सञ्चालनमा नआउने परियोजनामा अर्बौं खर्च, दोहोरो-तेहेरो बजेट विनियोजन, स्वार्थ-प्रेरित सार्वजनिक खरिद र उकालो लाग्दो बेरूजुका बीच समस्या शासकीय संरचनामा होइन, सार्वजनिक खर्चको राजनीतिक अर्थ-व्यवस्थामा खोजिनुपर्छ।

कुनै पनि देशमा उपलब्ध स्रोत-साधन उच्चतम प्रतिफल दिने गरी कसरी परिचालन गर्ने भन्ने प्रश्न जुनसुकै शासन व्यवस्था भएका देशमा पनि सधैं टड्कारो प्रश्न हो।

सीमित स्रोतलाई नागरिकको अपेक्षा अनुरूप समावेशी, न्यायोचित र प्रभावकारी रूपमा खर्च गर्न सक्नु नै सार्वजनिक वित्त व्यवस्थापनको केन्द्रीय उद्देश्य हो।

स्रोत, सन्दर्भ र नागरिकका अपेक्षा निरन्तर परिवर्तन भइरहने भएकाले सार्वजनिक खर्च सधैं गतिशील बहसको विषय बन्छ, बनिनुपर्छ।

नेपालको सन्दर्भमा पनि संघीयता कार्यान्वयनसँगै शासकीय संरचना र सार्वजनिक खर्चको प्रभावकारितामाथि निरन्तर बहस भइरहेको छ।

हालैको जेनजी आन्दोलनपछि यो बहस झनै तीव्र बनेको छ। तर सार्वजनिक बहसमा 'संघीयता महँगो भयो', 'सार्वजनिक खर्च मुलुकले धान्न कठिन हुने गरी बढ्यो' जस्ता निष्कर्षहरू प्रायः तथ्यगत विश्लेषणभन्दा बढी भावनात्मक र लोकप्रियतावादी देखिन्छन्।

हाम्रो जस्तो देशमा सरकारी खर्च बढ्नु आफैमा नराम्रो सूचक होइन। अझ अर्थतन्त्र शिथिल हुँदा सरकारी खर्च झन् बढ्नुपर्छ भन्ने सिद्धान्त आफैमा बलियो अर्थशास्त्रीय सिद्धान्त पनि हो।

यस अर्थमा, निरपेक्ष रूपमा सार्वजनिक खर्च कसरी घटाउने भन्नेभन्दा पनि सार्वजनिक खर्चलाई कसरी जिम्मेवार, मितव्ययी एवं प्रभावकारी बनाउने र राजनीतिक तथा संवैधानिक लक्ष्य प्राप्तिमा कसरी परिचालन गर्ने भन्ने प्रश्न शासकीय सुधारको मूल विषय हो।

यो विषय सार्वजनिक वित्त व्यवस्थापन र शासकीय सुधारको सन्दर्भमा निरन्तर चलिरहने बहस र प्रक्रिया पनि हो। यी विषयमा रचनात्मक बहसका लागि समस्या पहिचान र समाधान राजनीतिक अर्थ व्यवस्थाको दृष्टिकोणबाट गर्नु आवश्यक हुन्छ।

अन्यथा शासकीय सुधार तथा सार्वजनिक खर्च व्यवस्थापन जस्ता गम्भीर विषयमा पनि लहडको भरमा निर्णय हुने सम्भावना रहन्छ। अर्कोतिर, अपेक्षित बहस मूल विषयबाट विषयान्तर भई सुधारसँग सम्बन्धित प्रमुख सवालहरू ओझेलमा पर्छन्।

यही पृष्ठभूमिमा यो आलेखमा सार्वजनिक वित्त व्यवस्थापनको बृहत् ढाँचाभित्र सार्वजनिक खर्चसँग सम्बन्धित केही विषयहरूमा राजनीतिक अर्थ-व्यवस्थाको दृष्टिकोणले चर्चा गर्ने प्रयास गरेको छु।

कुनै पनि देशको सार्वजनिक वित्त व्यवस्थापनको अवस्था कस्तो छ भन्ने मापन गर्न अन्तर्राष्ट्रिय मानकका रूपमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA पेफा) ढाँचा प्रचलनमा छ।

विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोष लगायत अन्तर्राष्ट्रिय विकास साझेदारहरूले अविकसित तथा विकासशील देशहरूलाई दिने आर्थिक सहयोग निर्धारण गर्दा यो पेफा फ्रेमवर्कलाई पनि आधार बनाउँछन्।

यो ढाँचाले बजेटको विश्वसनीयता, सार्वजनिक वित्तको पारदर्शिता, सार्वजनिक सम्पत्ति र दायित्वको व्यवस्थापन, नीतिमा आधारित वित्तीय रणनीति तथा बजेट, बजेट पूर्वानुमान तथा कार्यान्वयनमा नियन्त्रण, लेखा तथा प्रतिवेदन, बाह्य निगरानी तथा लेखा परीक्षण गरी ७ मुख्य स्तम्भहरूको मूल्यांकन गर्छ।

सात वटा स्तम्भअन्तर्गत ३१ वटा मुख्य सूचकहरूको मापन गरिन्छ। सरकारी राजस्व, सार्वजनिक खर्च, सार्वजनिक खरिद जस्ता सार्वजनिक वित्त व्यवस्थापनका महत्वपूर्ण पाटाहरू पनि माथि उल्लेख गरिएका ७ वटा स्तम्भभित्र नै पर्छन्।

यसबाहेक पछिल्लो पेफा ढाँचामा लैंगिक उत्तरदायी बजेट र जलवायु परिवर्तन जस्ता साझा क्षेत्रहरू पनि थप गरिएको छ।

सन २०२४ मा सम्पन्न नेपालको दोस्रो पेफा मूल्यांकनले ३१ मध्ये २६ सूचकमा 'सी' वा 'डी' ग्रेड देखाएको छ। यसको अर्थ नेपालको सार्वजनिक वित्त व्यवस्थापन प्रणाली समग्र रूपमा कमजोर छ।

विशेषगरी सार्वजनिक खर्च, त्यसमा पनि सार्वजनिक खरिदसँग सम्बन्धित सूचकहरू अत्यन्त समस्याग्रस्त छन्। बजेट कार्यान्वयनको दर कम हुनु, व्यापक रकमान्तरण र सार्वजनिक खरिद सम्बन्धी एकीकृत तथ्यांकको अभाव जस्ता समस्यालाई प्रमुख कमजोरीका रूपमा औंल्याइएका छन्।

यही मूल्यांकनका आधारमा सरकारले हालै मात्र तेस्रो राष्ट्रिय वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) सार्वजनिक गरेको छ। विकास साझेदारहरूले समेत लामो समयदेखि सरकारलाई यो रणनीति ल्याउन घचघचाइरहेका थिए।

पेफा मूल्यांकनकै निष्कर्षसँग मिल्ने गरी यो रणनीतिमा पनि अन्य स्तम्भहरूको अतिरिक्त बजेटको विनियोजन कुशलता प्राप्त गर्न असर पुर्‍याउने तत्वका रूपमा अवास्तविक बजेट तथा राजस्व पूर्वानुमान, स्रोत विनियोजनमा क्रमिक वृद्धि पद्धतिको निरन्तरता तथा नीतिगत प्राथमिकता र खर्चबीचको कमजोर सम्बन्ध औंल्याइएका छन्।

परियोजना, कार्यक्रम र खर्च प्राथमिकिकरणका लागि मापदण्ड र मानकहरूलाई सुव्यवस्थित बनाउने लक्ष्य लिइएको छ। तीनै तहका सरकारबीच दोहोरिएका आयोजना तथा कार्यक्रम पहिचान गर्न एक संयन्त्र स्थापना गर्ने समेत उल्लेख छ। रणनीतिमा आयोजना बैंकको क्रियाशीलता तथा आयोजनाहरूको प्रभावकारी अनुगमनलाई जोड दिइने भनिएको छ।

माथि उल्लिखित दुवै दस्तावेजहरू प्राविधिक रूपमा राम्रा देखिए पनि यी खालका दस्तावेजहरू को मुख्य कमजोरी भनेको सार्वजनिक वित्त व्यवस्थापन लाई मूलतः प्राविधिक समस्या मात्र ठान्नु हो। वास्तवमा नेपालमा सार्वजनिक खर्चका आधारभूत समस्याहरू प्राविधिक भन्दा पनि संरचनागत छन् र यस लाई अर्थराजनीतिक दृष्टिकोणबाट विश्लेषण गर्नु अपरिहार्य हुन्छ।

### सार्वजनिक खर्चका तीन संरचनागत समस्या

नेपालको सार्वजनिक खर्च व्यवस्थापनमा देखिएका समस्या मुख्यतः तीन आयाममा केन्द्रित छन्।

### १. योजना छनोट, बजेट र खर्चमा अराजकता

नेपालको सार्वजनिक खर्चमा एक खालको अराजकता र अनुशासन हीनता छ, जुन मूलतः योजना छनोट र त्यसमा गरिने बजेट विनियोजनसँग सम्बन्धित छ। यो समस्या तीनवटै तहमा विद्यमान छ। केही प्रतिनिधि उदाहरणहरू हेरौं।

- संघीय सरकार सहरी विकास मन्त्रालय अन्तर्गत झापामा २ अर्ब रूपैयाँभन्दा बढीको लागतमा व्यापारिक भवन र भ्यूटावर बनाइयो। करिब दुई वर्षअघि नै निर्माण सम्पन्न भएको उक्त टावर हालसम्म पनि सञ्चालनमा छैन।

- विश्व बैंकको करिब ४० करोड रूपैयाँ ऋण सहयोगमा संघीय कृषि मन्त्रालय अन्तर्गत विराटनगरमा निर्माण भएको कृषि तरकारी थोक बजार निर्माण सम्पन्न भएको वर्षौं भइसक्दा पनि सञ्चालनमा छैन।

- धनगढीको गेटा कलेज (सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय) करिब ५ अर्ब रूपैयाँभन्दा बढीको लगानीमा निर्माण सम्पन्न भयो। तर हालसम्म सञ्चालनमा छैन। अब यसलाई सञ्चालनमा ल्याउन मात्र पुनः करोडौं रूपैयाँ लगानी गर्नुपर्ने निश्चित छ।

- पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि वैदेशिक ऋणमा ५० अर्ब रूपैयाँभन्दा बढी खर्च गरियो। तर ती दुवै विमानस्थल अन्तर्राष्ट्रिय उडानका लागि सञ्चालनमा छैनन्। पोखरा विमानस्थलको सन्दर्भमा त भ्रष्टाचारको मुद्दा अदालतमा दायर भइसकेको छ।

- आर्थिक सर्वेक्षण २०८१ अनुसार कालोपत्र भएका ४१ वटा आन्तरिक विमानस्थलमध्ये मुस्किलले ३३ वटा मात्र सञ्चालनमा छन्।

- गाउँपालिका र नगरपालिकाका प्रशासनिक भवन बनाउन संघीय सरकार र सम्बन्धित पालिकाको संयुक्त लगानीमा धेरै पालिकाहरूमा आवश्यकता भन्दा ठूला भवन बनाइएका छन्। पहाडी क्षेत्रका बीस हजारभन्दा बढी जनसंख्या नभएका, अझ बिजुलीसमेत भरपर्दो नभएका स्थानीय तहहरूमा पनि लिफ्ट राखेर भवन बनाइएको देख्न सक्छौं। धेरै गाउँ वा नगरपालिकाका ती भवन पूर्ण उपयोगमा छैनन्, भएका लिफ्ट पनि कतिपय ठाउँमा चल्दैनन्।

- गण्डकी प्रदेश सरकार अन्तर्गत बाटो नै नभएको ठाउँमा पुल निर्माण गरेको अभियोगमा अख्तियारले दुई वर्षअघि नै मुद्दा दायर गरेको थियो।

- ३५ वर्ष अगाडिदेखि सुरू भएको बबई सिँचाइ आयोजना अझै सम्पन्न भएको छैन। महाकाली सिँचाइ आयोजना सुरू भएको २० वर्षमा भौतिक प्रगति २२ प्रतिशत मात्र छ। सिक्टा सिँचाइ आयोजना सुरू भएको पनि दुई दशकभन्दा बढी भयो, अझ सम्पन्न भएको छैन। यी सबै योजनाहरू राष्ट्रिय गौरवका आयोजना हुन्। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन अनुसार यस्तै लामो समयसम्म सिँचाइ आयोजना सम्पन्न नहुने हो भने आयोजना पूरा हुँदा सिँचाइयोग्य भूमि नै सहरीकरण भइसक्ने जोखिम छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार आर्थिक वर्षको पहिलो त्रैमासिकमा कानुनतः रकमान्तर गर्न नपाइने भए पनि महालेखा परीक्षकको पछिल्लो प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा करिब ११ अर्ब ( कुल रकमान्तरको लगभग ५५ प्रतिशत) रकमान्तर पहिलो त्रैमासिकमै भएको छ। सोही आर्थिक वर्षको असारमा मात्र २६ अर्ब रूपैयाँभन्दा बढी र असार अन्तिम हप्तामा मात्र १५ अर्ब रूपैयाँभन्दा बढी रकमान्तर भएको छ। अझ उदेकलाग्दो के छ भने करिब १२ अर्ब रूपैयाँ रकमान्तर गरिएका २३ कार्यक्रमहरू सुरू बजेटमा थिएनन्।

यी माथिका केही उदाहरण हाम्रो योजना छनोट र कार्यान्वयन प्रणालीका प्रतिनिधि मात्र हुन्।

यस्ता उदाहरण विश्लेषण गर्दा सामान्यतया बजेट विनियोजनमा राजनीतिक नेतृत्व तथा कर्मचारी, निर्माण व्यवसायी तथा अन्य व्यक्तिका गलत स्वार्थहरू हावी भएको स्पष्ट देखिन्छ।

पहिलो त्रैमासिकमै हुने रकमान्तरले हाम्रो योजना छनोट तथा बजेट विनियोजन कति हचुवा छ भन्ने पुष्टि गर्छ। अझ सुरू बजेटमा नभएका कार्यक्रमहरूमा समेत रकमान्तर गरी बजेट राख्ने प्रवृत्तिले हाम्रा पात्र कति अनुशासनहीन, प्रवृत्ति कति गैरजिम्मेवार र प्रणाली कति प्रभावहीन भइसकेका छन् भन्ने देखाउँछ।

आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच

वांकी ५ पेजमा...

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका मन्दिरको परिचय

श्याम सुन्दर सुतिहार

**४. राजा जीतवाहन मन्दिर बरियाती**



धनपालथान गाउँपालिका वडा नं. २ को बरियाती टोलको सडक पश्चिम जीतवाहन मन्दिर रहेको छ। मन्दिर पूर्व मुख गरेको छ।

जीतवाहन मन्दिर निर्माणको एउटा राम्रो कथा छ। स्थानीय ६५ वर्षिय रामदेव मण्डल -गनगाईं)ले बताए अनुसार २०३५ सालतिर गाउँका दरोगी दास सोनार, सुटरु मण्डल (गनगाईं), होलाई मण्डल ( गनगाई), सूर्यनारायण पासवान, लक्ष्मण प्रसाद सिंह लगायतका युवाहरुले जितिया पर्वको अवसरमा मेला हेर्न भारतको विहार राज्यको मधुवनीमा गएका थिए।

मधुवनी मेला हेरेर आएपछि आफनो गाउँमा पनि जीतवाहन मन्दिर बनाई पूजा गर्नेर मेला लगाउनेगर्नुपर्छ भनी सल्लाह गरेछन्।सोही सल्लाह अनुसार लक्ष्मणप्रसाद सिंहको घरवाट पूजा सुरुवात गरी मेला लगाउने परम्परा सुरु गरिएको गनगाईंको भनाइ छ।

दश वर्षपछि २०४५ सालतिर नेपाल सरकारको करिबदुई कट्ठा जग्गामा बाँस, कर्चीं, पराल, काठको खम्बा र टिनाको छाना हालेर जीतवाहनको माटोको मूर्ति स्थापना गरी पूजा गर्न थालियो। पाँच वर्ष यता स्थानीय सरकार र स्थानीय बासीको सहयोगले पक्की मन्दिर निर्माण कार्य भइरहेको अवस्था छ।

मधेशी समुदायका सबै जातजातिका विवाहित महिलाले पतिको दीर्घायु, छोराछोरी हुनेले सन्तानको स्वास्थ्यको लागि र सन्तान नहुनेले सन्तान प्राप्तिको कामना गर्दै वर्षको एक पटक भदौ असोजतिर जितीया पर्वको अवसरका निराहार उपवास बसी राजा जीतवाहनको पूजा गरिन्छ।त्यसबेला मन्दिरमा पनि पूजा गरिन्छ।त्यस अवसरमा त्यस ठाउँमा मेलासमेत लाग्ने गर्दछ। राजा जितवाहनलाई फलफूल, केरा, लड्डु, पान, सुपारीलगायतका पूजा सामग्री लिएर पूजा गर्नेको भीड लाग्दछ।

मेलाबाहेक हिन्दु धर्माव लम्बी का अन्य पर्वहरुमा पनि उक्त मन्दिरमा पूजा गर्ने चलन छ।

**५. आनन्द मन्दिर बरियाती**



धनपालथान गाउँपालिका वडा नं. २को बरियाती टोलको सडकको उत्तरतिर दक्षिण मुख फर्केको आनन्द मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ।

क्षीरसागरमा शेषनागमाथि सुतेको अवस्थामा विष्णु आनन्दको अवस्थामा रहेको र धन तथा समृद्धिकी देवीलक्ष्मी विष्णुको चरणमा बसिरहेको अवस्थाको स्वरूपलाई 'आनन्द' भगवनाको रूपमा पुजिन्छ।

बाबुबाजेकै पालादेखि वर्षमा एक पटक आनन्दको पुजापाठ गरी मेला लगाउँने प्रचलन रहेको छ। हाल स्थानीय सरकारको सयोगमा उमेश मण्डल गनगाईको अध्यक्षतामा मन्दिर निर्माण भइरहेको स्थानीय २५ वर्षिय आरती मण्डल गनगाई.ले बताइन्।

**६. हनुमान मन्दिर (ठनठनिया)**



धनपालथान गाउँपालिकावडा नं. २ को ठनठनिया टोलको पूर्व, पश्चिम र उत्तर जाने सडकको दक्षिण कुनामा उत्तर मुख फर्केको हनुमान मन्दिर रहेको छ। करिब २० वर्ष पहले गाउँमा युवाहरुले सल्लाह गरी बाँस, कर्ची, परालको सानो घर वनाई महावली हनुमानको पूजापाठ सुरु गरेको स्थानीय ५५ वर्षिय इन्दर गच्छदार (गनगाई) ले बताए।

गच्छदारका अनुसार संविधान सभा सदस्य रमानन्द मण्डलले मन्दिर निर्माणको लागि रू.२ लाख सहयोग दिएपछि मन्दिरको पक्की कुर्सीको निर्माण गरिएको थियो। त्यसपछि गाउँ टोलबासी वाट चन्दा (वेहरी) उठाएर १२ वर्ष पछिले छत ढलान गरिएको थियो। धनपालथान गाउँ पालकाको अध्यक्ष हरिलाल सिंहको पालामा ४ लाख र अध्यक्ष जीवछ गच्छदारको पालामा ९ लाख सहयोग प्राप्तले मन्दिर निर्माण भएको छ। मन्दिरमा अहिले पनि हनुमान मूर्ति र घेरावेरा समेत बाँकी रहेकोले स्थानीय सरकारको सहयोग आवश्यक रहेको इन्दर गच्छदारको भनाई छ।

हनुमान मन्दिरमा दैनिक विहान वेलुका स्थानीयहरुले पूजापाठ, धुप अगरवत्ती वाल्ने गर्नुका साथै हनुमान जयन्तीमा भजन किर्तन गरी पूजापाठ गर्ने गरेको छ। हनुमान मन्दिर सरकारी जग्गा १ कट्ठा १० धुर क्षेत्रफलमा रहेको छ।

**७. शिवगुरु चर्चा केन्द्र**



धनपालथान गाउँपालिका वडा नं. २ धर्मपुरको पश्चिमटोलमा सडकदेखि पूर्व दक्षिणमा शिवगुरु चर्चा केन्द्र रहेको छ।

करिब १५ वर्षपहिलेशिवशिष्य परिवार मिलेर बाँस, कर्चीको टाटी र टिनको छाना भएकोघर बनाईकेन्द्र सञ्चालनगर्न थालेको वडा नं २ का वडा सदस्य एवम्‌शिवशिष्य वर्ष ५० की अमरिकादेवी मण्डलले जानकारी गराए। मण्डलका अनुसार धनपालथान गाउँपालिका अध्यक्ष हरिलाल सिंह र वडा अध्यक्ष नारायणप्रसाद साहको पालामा रू. ७ लाख सहयोग प्राप्त भएको र गाउँबासीको सहयोग मलिएर केन्द्र निर्माण गरिएको थियो। साथै वडा अध्यक्ष पंकज मण्डलको पालामा रू.३ लाख ५० हजार सहयोग प्राप्त भई केन्द्रको हलमा टायल लगाइएको छ।

केन्द्रमा दैनिक पूजापाठ हुन्छ। प्रत्येक सोमबार साप्ताहिक शिवचर्चा हुन्छ। वि.सं. २०७९मा शिवको प्रतिमा स्थापना गरिएको छ। शिवचर्चाको सुरुवात शिवशिष्य हरिनन्दन र श्रीमती शिवशिष्य निलम आनन्दले१९८२ मा गरेको थिए।

# प्रतिवन्धित लागुऔषध सहित नौं जना पक्राउ

विराटनगर। प्रतिबन्धित लागुऔषध सहित भारतीय र नेपाली नागरिक गरी जम्मा ९ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। मोरङको विराटनगर महानगरपालिका-१७ स्थितबाट १०४ ग्राम लागु औषध ब्राउन सुगर सहित ३ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको थियो।

पुस २६ गते इलाका प्रहरी कार्यालय रानी र लागु औषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले चेकजाँचको क्रममा आईसिपी रोडबाट विराटनगर तर्फ आउदै गरेका बीआर ३८ एपी ९०४९ नम्बरको मोटरसाईकल चालक भारत अररियाका २० वर्षिय सेठु कुमार, मोटरसाईकलमा सवार १९ वर्षिय राजकुमार साह र २० वर्षिय रोशन कुमारको साथबाट १०४ ग्राम लागु औषध ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो।

झापा र सुनसरी जिल्लाको विभिन्न स्थानहरुबाट लागु औषध ब्राउन सुगर र प्रतिबन्धित औषधी सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको थियो।

झापाको इलाका प्रहरी कार्यालय गौरीगंजबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा गौरीगंज नगरपालिका-६ का मोहमद रहिम मियाँ र सक्षम उप्रेतीको साथबाट १ ग्राम लागु औषध ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो।

सुनसरीको इलाका प्रहरी कार्यालय लौकहीले उदयपुरको वेलका नगरपालिका-४ का अनु क्षेत्री र अनुप क्षेत्रीलाई प्रतिबन्धित औषधी ७०० क्यापसुल सहित पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय धरान सुनसरीले धरान उप-महानगरपालिका-१६ स्थितबाट प्रतिबन्धित औषधी ९ हजार ९ सय १० क्याप्सुल सहित २ जनालाई पक्राउ गरेको थियो।

पुस २७ गते बिहान खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका-१६ स्थितमा को १८ प ४२५६ नम्बरको मोटरसाईकललाई शंका लागी चेकजाँच गर्दा चालक कोशी गाउँपालिका-१ का २३ वर्षिय रोशन झाँ र १८ वर्षिय जय प्रकाश यादवको साथबाट प्रतिबन्धित औषधी ९ हजार ९ सय १० क्याप्सुल फेला पारी नियन्त्रणमा लिएको थियो।

प्रतिबन्धित औषधी सहित पक्राउ परेका ९ जनाको सम्बन्धमा इलाका प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भई रहेको छ।


## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- सडक बाटोको अतिक्रमण नगरौं।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौं।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौं।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौं।

बराहक्षेत्र नगरपालिका
सुनसरी, कोशी प्रदेश

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं।।

# आक्रोशको प्रतीकदेखि सत्ताको समीकरणसम्म बालेन शाह

नेपाली राजनीतिमा पात्र फेरिनु कुनै नौलो कुरा होइन । समयसँगै अनुहार बदलिन्छन्, नाम बदलिन्छन्, दलका झण्डा फेरिन्छन् । तर पात्रसँगै राजनीतिक संस्कार, दृष्टिकोण र उत्तरदायित्व पनि बदलिन्छ कि बदलिँदैन भन्ने प्रश्न भने सधैँ अनुत्तरितझैँ रहँदै आएको छ । यही प्रश्नको केन्द्रमा आज काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह उभिएका छन् । स्थानीय सरकारको नेतृत्वबाट राष्ट्रिय राजनीतितर्फ उन्मुख हुँदै गर्दा उनले बोकेको अपेक्षाको भारी सामान्य छैन । यो कुनै एक व्यक्तिको राजनीतिक यात्राको मात्र कथा होइन । यो समकालीन नेपाली समाजको निराशा, आक्रोश र आशा तीनैको संयुक्त प्रतिबिम्ब हो ।



लेखक : रमेश कुमार बोहोरा

बालेन्द्र शाहको उदय दलतन्त्र र नेतातन्त्रप्रति बढ्दै गएको असन्तुष्टिको प्रत्यक्ष परिणाम हो । २०७९ सालको स्थानीय तह निर्वाचनमा ६१ हजार ७ सय ६७ मतसहित काठमाडौं महानगरको मेयर निर्वाचित हुँदा उनले केवल चुनाव जितेका थिएनन् । उनले स्थापित राजनीतिक संरचनामाथि प्रश्न उठाउँदै वैकल्पिक नेतृत्वको खोजलाई मूर्त रूप दिएका थिए । त्यो मत कुनै संगठित वैचारिक आन्दोलनको परिणाम थिएन । त्यो मत कुनै दीर्घकालीन राजनीतिक संघर्षको निरन्तरता पनि थिएन । त्यो मत मूलत: थाकेको समाजको आवेग, वितृष्णा र आक्रोशको अभिव्यक्ति थियो ।त्यसपछिका महिनाहरूमा बालेन्द्रको लोकप्रियता निरन्तर उकालो लाग्यो । पुराना दल र तिनका नेताप्रति वितृष्ण बनेको समाजले बालेनमा 'भिन्नता' देख्यो । उसले 'आशा' देख्यो र अझ महत्त्वपूर्ण कुरा उसले 'प्रतिरोध' को सम्भावना देख्यो । यही सम्भावनाले बालेनलाई एक स्थानीय जनप्रतिनिधिबाट राष्ट्रिय चासोको पात्र बनायो । तर लोकप्रियता आफैंमा नीति होइन । समर्थन आफैंमा दृष्टिकोण होइन र भीड आफैंमा संस्थागत क्षमता होइन । स्थानीय तहमा देखिएको 'डेलिभरी' स्वत: राष्ट्रिय तहमा रूपान्तरण हुन्छ भन्ने मान्यता स्वयं खतरनाक हुन्छ ।

बालेन्द्रको लोकप्रियता वैचारिक स्पष्टताको परिणाम होइन । यो असन्तुष्ट समाजको मनोवैज्ञानिक प्रतिक्रिया हो । यो त्यस्तो समाजको प्रतिक्रिया हो जसले पुराना राजनीतिक विकल्पमा आफूलाई देख्न छोडिसकेको छ । यही समाजले तत्कालीन आवेगलाई नेता खोज्ने प्रक्रियामा बालेन्द्रलाई केन्द्रमा राखेको छ । तर आवेग र नेतृत्वबीच ठूलो दूरी हुन्छ । आवेग क्षणिक हुन्छ । नेतृत्व दीर्घकालीन ।

यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भएको सहमतिले नेपाली राजनीतिमा गहिरो तरंग पैदा गरेको छ । केही दिनको छलफलपछि शक्ति बाँडफाँटमा आधारित सहमति सार्वजनिक हुनु सामान्य राजनीतिक घटना होइन । बालेनले रविलाई पार्टी अध्यक्ष स्वीकार्ने र रविले बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्ने सहमति केवल चुनावी तालमेल मात्र होइन । यो सत्ता-केन्द्रित राजनीतिक समझदारी को स्पष्ट संकेत हो । यसले बालेनको 'एन्टी इस्टाब्लि समेन्ट' छविमा गम्भीर प्रश्न खडा गरेको छ ।यस सहमतिपछि दुई धारको प्रतिक्रिया देखिएको छ । एकथरीले यसलाई वैकल्पिक राजनीतिले संस्थागत रूप लिने सुरुवातका रूपमा व्याख्या गरेका छन् । अर्काथरीले भने यसलाई नयाँ अनुहारले पनि अन्तत: पुरानै सत्ता राजनीतिको बाटो रोजेको उदाहरणका रूपमा हेरेका छन् । यही द्वन्द्वले एउटा गहिरो प्रश्न जन्माएको छ के यो एकता वैचारिक र संरचनात्मक सुधारका लागि हो कि केवल निर्वाचन जित्ने र सत्ताको गणित मिलाउने प्रयास ?

बालेन्द्रको राजनीतिक छवि 'एन्टी इस्टाब्लिसमेन्ट' को रूपमा निर्माण भएको हो । उनले काठमाडौं महानगरमा देखाएको निर्णय क्षमता, साहस र जोखिम लिन सक्ने आँटले उनलाई जनप्रिय बनायो । पार्किङ व्यवस्थापन, डिजिटल सेवा विस्तार, शिक्षा र स्वास्थ्य क्षेत्रमा सहुलियत, प्रशासनिक ढिलासुस्ती तोड्ने प्रयास, अनधिकृत संरचनामाथि कठोर कारबाही यी सबै कदमलाई आम नागरिकले सकारात्मक रूपमा लिए । धेरैले यसलाई 'काम गरेर देखाउने नेतृत्व' को संकेत माने । तर यही क्रममा संवाद, सहमति र संवेदनशीलताको अभाव पनि उत्तिकै प्रस्ट देखियो । टुकुचा उत्खनन, सुकुम्बासी बस्तीमा डोजर प्रयोग, फुटपाथ व्यापारीप्रति कठोर व्यवहारजस्ता विषयमा पर्याप्त गृहकार्य, वैकल्पिक योजना र सामाजिक संवाद कमजोर देखियो । यसले बालेन्द्रको कार्यशैलीलाई 'आवेगप्रधान' र 'व्यक्तिकेन्द्रित' भन्ने आलोचनाको घेरामा ल्यायो । स्थानीय तहमा यस्तो शैली विवादास्पद हुन्छ । राष्ट्रिय राजनीतिमा भने यस्तो शैली झन् जोखिमपूर्ण हुन्छ । किनकि राष्ट्र-राज्य कुनै महानगरजस्तो एकल प्रशासनिक संरचनाबाट होइन, बहुआयामिक शक्ति सन्तुलन, संवैधानिक मर्यादा र संस्थागत संयमताबाट चल्छ ।बालेन्द्रको अर्को गम्भीर चुनौती उनको संवाद शैली हो । सामाजिक सञ्जालमार्फत व्यक्त हुने उनको ठाडो, कटाक्षपूर्ण र कहिलेकाहीँ उग्र अभिव्यक्तिले समर्थकलाई त उत्साहित बनाएको छ । तर राष्ट्रिय नेताका रूपमा आवश्यक संयमता, धैर्यता र गरिमामाथि प्रश्न पनि उठाएको छ । लोकतन्त्र आलोचना सहन सक्ने प्रणाली हो । असहमति र प्रतिपक्षी दृष्टिकोणलाई स्वीकार्न नसक्ने नेतृत्व लोकतान्त्रिक अभ्यासमा दीर्घकालीन हुन सक्दैन ।

राष्ट्रिय राजनीतिमा प्रवेश गरेसँगै अब बालेन्द्रमाथि केवल 'काम' को होइन 'दृष्टिकोण' को पनि परीक्षा सुरु भएको छ । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता, आर्थिक नीति र विदेश नीति यी विषयमा उनको स्पष्ट र सार्वजनिक धारणा के हो ? अहिलेसम्म यी प्रश्नको ठोस, लिखित र संस्थागत जवाफ आएको छैन । केही जेनजी प्रतिनिधिसँगको संवादमा उनले संविधान र गणतन्त्रको पक्षमा रहेको बताएका छन् भन्ने कुरा बाहिर आएको छ । तर मौखिक अभिव्यक्ति पर्याप्त हुँदैन । राजनीतिक दृष्टिकोण नीति, दस्तावेज र व्यवहारमार्फत प्रमाणित हुनुपर्छ ।जेनजी आन्दोलन स्वयं नेपाली राजनीतिमा एउटा निर्णायक मोड थियो । २०८२ साल भदौ २३ र २४ गते देखिएको युवाको आक्रोशले परम्परागत राजनीतिलाई खुला चुनौती दियो । त्यो आन्दोलनको नेतृत्व, उद्देश्य र गन्तव्यबारे बहस जारी छ । तर एउटा तथ्य निर्विवाद छ । त्यो आक्रोशले मौन समाजलाई बोल्न बाध्य बनायो । र त्यस आक्रोशको प्रतीक पात्रका रूपमा बालेन्द्र शाह स्थापित हुँदै गएका छन् । यही कारण उनीमाथि अपेक्षाको भारी झन् बढेको छ ।तर आक्रोशको प्रतिनिधि हुनु र राज्य सञ्चालनको नेतृत्व गर्नु एउटै कुरा होइन । आक्रोश तत्कालीन ऊर्जा हो । शासन दीर्घकालीन जिम्मेवारी । यदि बालेन्द्रले आफूलाई केवल 'विरोधको प्रतीक' बाट 'परिपक्व विकल्प' मा रूपान्तरण गर्न सकेनन् भने उनी पनि भीडको अर्को क्षणिक नायकमा सीमित हुने जोखिममा छन् । इतिहासमा नेपाली राजनीति यस्ता क्षणिक नायकले भरिएको छ ।अझ गम्भीर प्रश्न सुशासनसँग जोडिएको छ । रवि लामिछाने सहकारी ठगी प्रकरणमा अदालतको अन्तिम फैसला नआएसम्म अभियुक्तकै हैसियतमा छन् । यस्तो अवस्थामा सुशासन, पारदर्शिता र नैतिकताको नारासहित अगाडि बढ्ने दाबी गर्ने बालेनले यस्तो सहकार्यलाई कसरी न्यायोचित ठहर गर्छन् ? राजनीति भावनाले मात्र होइन नैतिक मापदण्डले पनि चल्नुपर्छ । यही प्रश्न आज सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म घुमिरहेको छ ।इतिहासमा काठमाडौंका मतदाताले 'गणेशमानले लौरो उठाए पनि जित्छ' भन्ने उक्ति प्रयोग गर्थे । त्यो लौरो त्याग, संघर्ष र नैतिक उचाइको प्रतीक थियो । आज त्यही लौरोको रूपक बालेनसँग जोडिँदै छ । तर यो तुलना खतरनाक छ । गणेशमान सिंहको राजनीतिक उचाइ दीर्घकालीन संघर्षको उपज थियो । बालेनको लोकप्रियता भने मुख्यत: असन्तुष्टिको अभिव्यक्ति हो । यी दुईबीच ऐतिहासिक, वैचारिक र नैतिक धरातलमा तुलना हुन सक्दैन ।

आज 'बालेनसँग सहकार्य गर्‍यो भने चुनाव जितिन्छ' भन्ने मनोविज्ञान विकसित हुँदै छ । यही मनोविज्ञानले मिडिया हाइप सिर्जना गरेको छ । तर राजनीतिमा हाइप दीर्घकालीन हुँदैन । जनअपेक्षा पूरा नभए हाइप नै सबैभन्दा ठूलो बोझ बन्छ ।नेपाली राजनीति आज जटिल मोडमा उभिएको छ । विश्वासको संकट गहिरिँदै छ । संस्थागत कमजोरी, अदृश्य शक्ति र अस्वाभाविक घटनाक्रमले प्रणालीलाई अस्थिर बनाएको छ । यही बेला प्रियतावादी राजनीति आकर्षक देखिन्छ । प्रियतावादले सरल उत्तर दिन्छ । जटिल प्रश्नलाई भावनामा रूपान्तरण गर्छ । तर राज्य सञ्चालन भावनाबाट होइन, नीतिबाट चल्छ ।अब बालेन्द्रसामु स्पष्ट विकल्प छ । उनी या त प्रियतावादको लहरमा सत्तातर्फ हतारिने पात्र बन्न सक्छन् । वा जनअपेक्षाको भारी बोकेर नीति, दृष्टिकोण र संस्थागत सुधारको कठिन बाटो रोज्न सक्छन् । यो परीक्षा सजिलो छैन । तर यही परीक्षाले उनको वास्तविक राजनीतिक हैसियत निर्धारण गर्नेछ ।राष्ट्रिय राजनीतिमा बालेन्द्रको प्रवेशले एउटा युगीन प्रश्न उठाएको छ के नेपाली समाजले नयाँ अनुहार मात्र खोजेको हो कि नयाँ राजनीतिक संस्कार पनि ? यसको उत्तर उनका भाषणले होइन । उनका निर्णय, नीति र व्यवहारले दिनेछन् । अपेक्षाको भारी काँधमा बोकेर हिँड्नु साहसको कुरा हो । त्यो भारी बोक्न सक्ने कि त्यसैको चापमा थिचिएर लड्ने, इतिहासले होइन समयले छिट्टै फैसला गर्नेछ ।

(लेखक:- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

# फाईवर सिरक वितरण

रामनारायण ठाकुर

सिरहा । पछिल्लो सातादेखि बढेको चिसो र शीतलहरका कारण कठ्यांग्रिदो जाडोले जनजीवन प्रभावित बनेपछि लायन्स क्लब अफ मिर्चैया सिटीले सिरहा जिल्लाको मिर्चैया नगरपालिकामा फाइबर सिरक वितरण गरेको छ ।

चिसो र शीतलहरको चपेटामा परेका गरिब, विपन्न समुदायका वृद्धवृद्धा, अशक्त तथा असहाय व्यक्तिहरूलाई लक्षित गरी मिर्चैया नगरपालिका वडा नं. १, २, ५, ७ र ८ मा जम्मा ५२ थान फाइबर सिरक वितरण गरिएको लायन्स क्लब अफ मिर्चैया सिटीका अध्यक्ष रामनारायण साहले जानकारी दिए ।

अध्यक्ष साहका अनुसार लायन्स क्लब अफ मिर्चैया सिटीले मिर्चैया नगरपालिकाका १ देखि १२ वटै वडामा चरणबद्ध रूपमा फाइबर सिरक वितरण गर्ने योजना बनाएको छ ।

फाइबर सिरक वितरण कार्यक्रममा सम्बन्धित वडाका वडा अध्यक्षहरू, लायन्स क्लब अफ मिर्चैया सिटीका पदाधिकारीहरू तथा सम्पूर्ण सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममार्फत चिसोबाट प्रभावित विपन्न वर्गलाई केही राहत मिल्ने अपेक्षा गरिएको छ ।

# गुम्ती बससेवा संचालनमा

विराटनगर । कोशी प्रदेश सरकारले पहिलोपल्ट कोशी घुम्ती अस्पताल सञ्चालनमा ल्याएको छ । झापाको कमल गाउँपालिकाबाट घुम्ती अस्पतालको शुभारम्भ गरिएको छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले अस्पतालको शुभारम्भ गर्दै ठूलो बसभित्र अत्याधुनिक मेडिकल उपकरण जडान गरी यो सेवा सञ्चालनमा ल्याइएको वताए ।

कोशी प्रदेश स्वास्थ्य निर्देशनालयकी नर्सिङ प्रशासक आस्था थापाका अनुसार यसमा रेडियोलोजी, मुटुको एक्सरे, ब्लड टेस्ट, रगतको नमुना सङ्कलन गरी परीक्षण गर्ने उपकरण जडान गरिएको छ । कोशी प्रदेश सरकारका मुख्यमन्त्री कार्कीले यो सेवालाई गाउँ गाउँसम्म विस्तार गर्ने वताए । तत्काल‍ै महामारी फैलिँदा देखि स्वास्थ्य शिविर हरु सञ्चालन गर्न यो प्रभावकारी हुने उहाँले विश्वास व्यक्त गरे । यो घुम्ती अस्पताल नेपालमै पहिलो र नमुना योग्य भएको चर्चा गर्दै यसलाई थप परिस्कृत गर्दै आम जनतामा पुर्‍याउने प्रदेश सरकारको तयारी रहेको उहाँले जानकारी दिए ।

त्यस्तै प्रदेश सरकारका स्वास्थ्य मन्त्री मानबहादुर लिम्बु ले प्रदेश सरकारले जनताले देखिने गरी स्वास्थ्य क्षेत्रमा काम गर्ने वताउँदै करिब ८० लाख रुपैयाँ खर्च गरेर बसमा नै कोशी घुम्ती अस्पताल सुरु गरिएको स्वास्थ्य निर्देशनालयका निर्देशक ज्ञानबहादुर बस्नेतले जानकारी दिए । त्यस्तै कमल गाउँपालिकामा स्वास्थ्य निर्देशनालय ले स्वास्थ्य शिविर समेत आयोजना गरेको छ ।




नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

रामधुनी नगरपालिका
सुनसरी, कोशी प्रदेश

## संघियता...

तालमेल नहुँदा यी दस्तावेजहरूको सान्दर्भिकतामाथि प्रश्नचिह्न उठेको छ। परियोजना समयमा वा कहिल्यै सञ्चालनमा नआए पनि, गुणस्तर स्वीकार्य नभए पनि, लागत अनावश्यक रूपमा बढाइँदा पनि संस्थागत वा व्यक्तिगत रूपमा कोही पनि जिम्मेवार र जबाफदेही हुन नपर्नु सार्वजनिक खर्चको बेथितिको मुख्य कारण हो।

संघीय व्यवस्थाको सन्दर्भमा यो खालको अराजकताले झन् ठूलो समस्या जबाफदेहितामा देखापरेको छ। संविधानले तोकेको जिम्मेवारी भन्दा बाहिर पनि बजेट विनियोजन भएको छ।

जस्तै: प्राथमिक र माध्यमिक शिक्षामा अझै पनि संघीय सरकारले लगानी गरेको छ।

स-साना पूर्वाधारहरू जुन स्थानीय सरकारको कार्य-जिम्मेवारीमा पर्छन्; अझै संघीय वा प्रादेशिक सहरी विकास, भौतिक पूर्वाधार मन्त्रालयबाट कार्यान्वयन भइरहेका छन्।

कृषि प्रदेशको एकल अधिकार हो, कृषि प्रसार स्थानीय तहको एकल अधिकार हो, तर अझै पनि संघीय सरकारले आफूलाई त्यस अनुसार पुनर्संरचना गरेको छैन। आलु, तरकारीदेखि मसला उत्पादनसम्मका कार्यक्रमहरू सञ्चालन गरिराखेको छ। अनि स्थानीय सरकारहरूले विश्वविद्यालय वा उच्च शिक्षामा समेत बजेट खर्च गरेका छन्।

यस्ता धेरै उदाहरण छन् जसले गर्दा कुन कामका लागि कुन तहको सरकार जिम्मेवार छ भन्ने कुरामा विरोधाभास उत्पन्न भई जबाफदेहिता को पूर्ण अभाव भएको छ। स्रोत र बजेट विनियोजनमा दोहोरोपन, तेहेरोपन छ। यसले तोकिएका कामका लागि तत् तत् सरकार जिम्मेवार र जबाफदेही हुनुपर्ने संघीय व्यवस्थाको आधारभूत मान्यतामै प्रश्न चिह्न लगाइदिएको छ।

तसर्थ सार्वजनिक खर्चमा तहगत सरकारको संस्थागत जबाफदेहिता सिर्जना गर्नु आजको अर्को प्रमुख चुनौती हो।

२. लाभांश-प्रेरित सार्वजनिक खरिद

स्वार्थ-प्रेरित योजना छनोट र त्यससँग जोडिएको अराजक प्रवृत्तिको खर्चसँग जोडिने नेपालको सार्वजनिक वित्त व्यवस्थापनको अर्को प्रमुख समस्या भनेको सार्वजनिक खरिद प्रक्रिया हो।

लागत अनुमान अनावश्यक रूपमा बढाउनु, एकै प्रकारको काम टुर्क्याउनु र टुर्क्याउनुपर्ने काम एकीकृत गर्नु, प्रतिस्पर्धा सीमित हुने गरी बोलपत्र तयार गर्नु, स्वार्थ-प्रेरित भेरिएसन आदि सार्वजनिक खरिदमा सामान्यझैं हुन लागेका छन्।

ठेक्का सम्झौतापछिको व्यवस्थापनमा सामान्य कुशलता र जबाफदेहिता बहन नगर्नाले अधिकांश ठेक्का समयमा सम्पन्न भएका छैनन्। ठेक्का तोडिएपछिको ठेक्का व्यवस्थापनमा कानुनी अस्पष्टताले समेत धेरै समस्या निम्त्याएको छ।

महालेखा परीक्षकका प्रतिवेदन र अख्तियारले दायर गरेका मुद्दाहरूले अधिकांश भ्रष्टाचारजन्य क्रियाकलापहरू सार्वजनिक खरिद र सार्वजनिक निर्माणसँगै जोडिएको देखाउँछन्।

यी सबै प्रक्रियामा देखिएको राजनीतिक र प्रशासनिक प्रवृत्ति एवं गैरजिम्मेवारीपन अनि निर्माण व्यवसायीहरू समेतको गलत आचरण र अपवित्र गठजोडले हाम्रो देशको समग्र सार्वजनिक प्रशासन र राजनीतिक संरचना नै सार्वजनिक खरिद र ठेक्का व्यवस्थापनबाट सिर्जित लाभांशमा आश्रित भएको आभास दिन्छ।

खरिदसँग सम्बन्धित विषय नेपालमा मात्र नभई विश्वभर नै अत्यन्त संवेदनशील र जोखिमयुक्त हो। विश्व बैंकले केही समयअघि सार्वजनिक खर्च, त्यसमा पनि मुख्यतया खरिदसँग सम्बन्धित जोखिम विश्लेषण गरेर शासकीय जोखिम मूल्यांकन प्रणाली प्रकाशित गरेको छ। त्यसमा सार्वजनिक खरिदका जोखिमलाई चार वटा मुख्य समूहमा राखेर वर्गीकरण गरी 'रेड फ्ल्याग फ्रेमवर्क' तयार पारिएको छ।

ती समूहहरूमा खरिद चक्र, खरिदमा हुने मिलेमतो, बोलपत्रदाताको चरित्र र राजनीतिक सम्बन्ध छन्।

हाम्रो सन्दर्भमा सार्वजनिक खरिदमा व्यापक सुधार गर्न सञ्चार माध्यममा आएका समाचारहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दायर भएका मुद्दाहरूको सामान्य विश्लेषण गर्दा पनि माथिका चार वटै जोखिम समूहको गहिरो विश्लेषण जरूरी हुन्छ।

३. उकालो लाग्दो बेरूजु र कमजोर जबाफदेहिता

नेपालको सार्वजनिक वित्त व्यवस्थापनको अर्को भयावह पक्ष भनेको बढ्दो बेरूजु हो। महालेखा परीक्षकको प्रतिवेदन-२०८२ का केही तथ्यांकहरू हेरौं।

- आर्थिक वर्ष २०७९/८० सम्मको संघ, प्रदेश र स्थानीय तहसमेतको अद्यावधिक सञ्चित बेरूजु ७ खर्ब ३३ अर्ब रूपैयाँ छ।

- संघीय सरकारतर्फ मात्र आर्थिक वर्ष २०८०/८१ को कुल बेरूजु ४७ अर्ब रूपैयाँमध्ये असुल उपर गर्नुपर्ने बेरूजु मात्र १८ अर्ब रूपैयाँ छ। सोही आर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा असुल उपर गर्नुपर्ने बेरूजु क्रमश: करिब ७६ करोड ८५ लाख र ३ अर्ब ५० करोड रूपैयाँ छ। सार्वजनिक संस्था र समिति समेत जोड्दा असुल उपर गर्नुपर्ने कुल बेरूजु मात्र ३० अर्ब रूपैयाँभन्दा बढी हुन आउँछ।

- आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारको राजस्व बक्यौता मात्र २ खर्ब रूपैयाँभन्दा बढी छ।

माथिको तथ्यांकले हाम्रो जस्तो करिब १८ खर्ब रूपैयाँको वार्षिक बजेट रहेको देशमा विद्यमान सार्वजनिक खर्चको बेथिति, अराजकता र गैरजिम्मेवारपन देखाउँछ।

दु:खको कुरा के भने, यसको राजनीतिक र प्रशासनिक जबाफदेहिता कमजोर बन्दै गइरहेको छ।

हरेक वर्ष महालेखा परीक्षकको प्रतिवेदन संसदमा प्रस्तुत भए पनि त्यसमा गम्भीर बहस र प्रतिवेदनका सिफारिस कार्यान्वयन हुन छाडेको छ।

२०४७ सालपछिको संसदको उदाहरण लिँदा पनि सार्वजनिक लेखा समितिको सक्रियता तारिफ गर्नलायक हुन्थ्यो।

समितिले महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक भएपछि हरेक मन्त्रालयका मन्त्री तथा सचिवहरूलाई महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरूजु फछ्र्यौट गर्न बेरूजु फछ्र्यौट कार्ययोजना ल्याउन भन्थ्यो। त्यसको प्रगति प्रतिवेदन चौमासिक रूपमा माग्थ्यो र छलफल गर्थ्यो।

विडम्बना के भने, हालका वर्षहरूमा महालेखा परीक्षकको प्रतिवेदन केवल एउटा औपचारिकता मात्र बनेको छ। सार्वजनिक लेखा समितिको बैठक बिरलै हुन्छ अनि महालेखा परीक्षकको प्रतिवेदनमाथि गम्भीर बहस गरी बेरूजु फछ्र्यौट र सरकारलाई नीतिगत सुधारका लागि निर्देशित गरेका एकाध उदाहरण पाउन पनि मुस्किल भएको छ।

यस प्रकार सार्वजनिक लेखा समिति र समग्र संसदले आफ्नो सान्दर्भिकता गुमाएपछि बेरूजु बढ्दै जानु अनपेक्षित भएन। उल्टो बेरूजु संस्थागत हुँदै गएको छ जसले संसदको लोकतान्त्रिक उत्तरदायित्वमै प्रश्नचिह्न लगाएको छ।

यसर्थमा नेपालको सार्वजनिक खर्च व्यवस्थापनको संकट प्राविधिकभन्दा बढी राजनीतिक अर्थ-व्यवस्थासँग गाँसिएको छ। योजना छनोट, सार्वजनिक खरिद र बेरूजु-तीनै क्षेत्रमा राजनीतिक इच्छाशक्ति, जबाफदेहिता र संस्थागत अनुशासनको अभाव मुख्य समस्याहरू हुन्।

पेफा जस्ता मूल्यांकन पद्धतिमा आधारित प्राविधिक सुधारहरू आवश्यक छन्, तर राजनीतिक सुधारबिना ती दिगो हुन सक्दैनन्।

सार्वजनिक स्रोत दुरूपयोगपछि पनि जिम्मेवारी लिनु नपर्ने र दण्डित हुन नपर्ने अवस्था रहिरहेसम्म सार्वजनिक खर्च मितव्ययी र प्रभावकारी बन्न सक्दैन।

माथि उल्लिखित समस्याहरूलाई राजनीतिक, नीतिगत र प्राविधिक हिसाबले सम्बोधन गर्न ढिलो भइसकेको छ। सुधारको मार्गचित्रका रूपमा तत्काल निम्न कार्यहरू अगाडि बढाउन सकिन्छ।

क. योजना छनोट, बजेट विनियोजन र संरचनागत परिवर्तन

तीनै तहमा देखिएको योजना छनोट र बजेट विनियोजनको अराजकता अन्त्य गर्न सर्वप्रथम संविधानको अनुसूची बमोजिम को कार्यविस्तृती करण प्रतिवेदन अद्यावधिक गरी कानुनी स्वरूप दिनुपर्छ।

संघीय तथा प्रादेशिक कानुन र स्थानीय कानुनहरू सोही बमोजिम तर्जुमा गर्ने, तत् तत् जिम्मेवारी बहन गर्ने हिसाबले मात्र मन्त्रालय, विभाग र संरचना पुनरवलोकन गर्ने कार्य अविलम्ब सुरू गर्नुपर्छ। कार्यविस्तृतीकरण प्रतिवेदनले तोकेको कार्य जिम्मेवारीमा आधारित भई निश्चित मापदण्डमा रहेर मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक संरचना, कर्मचारीको प्रकृति र संख्या यकिन गर्नुपर्छ।

यसका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड नै निर्माण गरी तीनै तहले पालना गर्न अनिवार्य गरिनुपर्छ। संगठनात्मक पुनर्संरचनाका सन्दर्भमा २०७५ सालमा तयार गरिएको सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन एउटा राम्रो दस्तावेज हो, जुन अद्यापि निकै नै प्रासंगिक छ।

दुर्भाग्य भन्नुपर्छ, २०७५ सालपछिका हरेक वर्षका बजेटमा यो प्रतिवेदन कार्यान्वयनको बुँदा उल्लेख भए पनि कहिल्यै कार्यान्वयनमा आएन।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा संशोधन गरी कार्यविस्तृतीकरणको प्रतिवेदनमा तोकिएको क्षेत्राधिकार र आयोजना वर्गीकरणको आधार तथा मापदण्ड-२०८० भन्दा बाहिर गई कुनै पनि परियोजनामा कुनै पनि तहको सरकारले बजेट विनियोजन नगर्ने र गरेमा बेरूजु हुने व्यवस्था गर्ने। तत् तत् जिम्मेवारी अनुसारको सेवा प्रवाहमा सम्बन्धित सरकार जिम्मेवार हुने व्यवस्था कानुनमै उल्लेख गर्ने।

- कार्यविस्तृतीकरण प्रतिवेदन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्था बमोजिम आयोजना बैंक प्रणाली व्यवस्थित गर्दै तीनै तहका योजना तथा बजेटलाई अन्तरआबद्धता हुने गरी सफ्टवेयरको माध्यमबाट एकीकृत गर्ने र दोहोरोपन हटाउने।

- सबै तहका सरकारहरूबाट प्रदान गरिने सेवाको गुणस्तर र खर्च मापदण्ड क्षेत्रगत र मन्त्रालयगत रूपमा तयार गरी स्वीकृत गर्ने। उल्लिखित खर्च मापदण्ड तयार गरी लागू गर्न कानुनले नै सबै तहका सरकारलाई बाध्यकारी बनाउने र सो अनुसार नभएमा निर्णयकर्ताहरूलाई जबाफदेही बनाउने परिपाटी सुरू गर्ने। राष्ट्रिय योजना आयोगले यस विषयमा नेतृत्व लिनु अपरिहार्य हुन्छ।

- बजेट तर्जुमा र बजेट कार्यान्वयन छुट्ट्याउन जरूरी छ। योजना तथा बजेट तर्जुमाले एउटा छुट्टै विधा, ज्ञान, सीप र प्रक्रियाको अपेक्षा गर्छ। यो मूलत: राजनीतिक नेतृत्वसँग नजिक बसेर गरिने कार्य हो भने बजेट कार्यान्वयन बढी विधि, प्रक्रिया र कानुनसँग सम्बन्धित हुन्छ। यसर्थ बजेट तर्जुमाको काम गर्न अर्थ मन्त्रालयमा एउटा छुट्टै बजेट तर्जुमा महाशाखा गठन गर्न सकिन्छ।

यसले योजना आयोगको समन्वयमा वर्षभरि नै योजना तर्जुमाको कार्य सम्बन्धित मन्त्रालयको सहकार्यमा गर्नुपर्छ। हालको बजेट तथा कार्यक्रम महाशाखालाई पूर्ण रूपमा बजेट कार्यान्वयनको जिम्मेवारी दिन सकिन्छ।

ख. सार्वजनिक खरिदलाई व्यापक सुधार र पुनर्संरचना गर्ने

यसमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा गरिने संशोधनहरू पर्छन्।

मुख्यतया निर्णयकर्ता र सेवा प्रदायक/निर्माण व्यवसायीहरूलाई थप जिम्मेवार बनाउन जरूरी छ।

अत्यन्त न्यून रकम कबोलेर ठेक्का अलपत्र पार्ने, ठेक्का समयमा पूरा गर्न सक्ने क्षमता नभएकाहरूले ठेक्का हत्याउने, प्रत्येक वर्ष सेवा प्रदायक वा निर्माण व्यवसायीहरूको स्वार्थमा खरिद नियमावली संशोधन हुने, सेवा प्रदायकहरूबीच नै हुने मिलेमतो, स्पेसिफिकेसन र बिड डकुमेन्ट तयार गर्दै हुने चलखेल, गुणस्तर नियन्त्रण संयन्त्रको अभाव, सेवा प्रदायक र निर्णयकर्ताबीच हुने स्वार्थको द्वन्द्व, खरिदसँग सम्बन्धित कार्यालयका कर्मचारीको प्राविधिक ज्ञान, सीप र क्षमता कम हुनु इत्यादि कारणले समग्र खरिद चक्रमै समस्या देखिएको छ। त्यसैले यी सबैलाई कानुनी रूपमा थप सम्बोधन गर्न जरूरी छ।

सूचनाको एकीकृत व्यवस्थापन गर्न ढिलो भइसकेको छ भने सेवा प्रदायकको प्राविधिक योग्यतामा भारित अंकको प्रयोग गर्नाले केही हदसम्म न्यून अंक कबोली ठेक्का हत्याउने प्रवृत्ति नियन्त्रण गर्न सकिन्छ। गुणस्तर नियन्त्रणका लागि तेस्रो पक्षबाट अनुगमन गराउने प्रक्रिया सुरू गर्न सकिन्छ।

ठेक्का तोडिएपछि व्यवस्थापन कसरी गर्ने भन्ने कानुनमै स्पष्ट हुन जरूरी छ। छुट्टाछुट्टै विषय (जस्तै सेवा, निर्माण, वस्तु खरिद आदि) का लागि छुट्टै कानुन चाहिने या नचाहिने, सार्वजनिक खरिद अनुगमन कार्यालयलाई प्रादेशिक स्तरमा पनि विकेन्द्रित गरी क्षमता वृद्धि गर्ने, इ-बिडिङ मात्र नभई समग्र खरिद प्रक्रिया नै विद्युतीय बनाउने जस्ता विषयहरूमा निरन्तर छलफल र सुधार अपेक्षित छ।

यहाँनिर एउटा सत्य के भने, आयोजनाको भौतिक प्रगति शून्य हुने तर कर्मचारीको कार्यसम्पादन मूल्यांकन शतप्रतिशत हुने अनि राजनीतिक नेतृत्वले यसमा हात बाँधेर बस्ने प्रवृत्ति रहेसम्म कानुनी सुधारले मात्र अपेक्षित नतिजा प्राप्त हुन सक्दैन।

यसर्थ राजनीतिक एवं प्रशासनिक निर्णयकर्ता र निर्माण व्यवसायी/सेवा प्रदायकमा देखिएको जबाफदेहिताको अभाव अनि संस्थागत हुँदै गएको दण्डहीनता पनि सम्बोधन गर्न ढिलो भइसकेको छ।

ग. बेरूजु असुल उपर तथा जबाफदेहिताको सुनिश्चितता

बेरूजु असुल गर्न राजनीतिक जबाफदेहिताको सुनिश्चितता सबभन्दा उत्तम उपाय हो। तसर्थ अब आउने संसदमा सार्वजनिक लेखा समितिको संरचना र यसको जबाफदेहिता कसरी सुनिश्चित गरिन्छ भन्ने प्रश्न आजको दिनमा महत्वपूर्ण छ।

हालैका वर्षहरूमा महालेखा परीक्षकको प्रतिवेदनमा बेरूजु भएका कार्यालयका लेखा उत्तरदायी अधिकृतको नाम पनि समावेश गरिन्छ। यसरी नाम उल्लेख गर्नुका पछाडि जबाफदेहिता अभिवृद्धि गर्ने उद्देश्य अन्तर्निहित छ।

यसका लागि राजनीतिक दलका नेतृत्व गम्भीर बन्नुपर्छ।

सार्वजनिक लेखा समितिको वर्षभरिको काम नै महालेखा परीक्षकको प्रतिवेदनमाथि छलफल गर्ने, सम्परीक्षण र बेरूजु फछ्र्यौटका लागि सम्बन्धित मन्त्रालयका राजनीतिक एवं कर्मचारी नेतृत्व/निर्णयकर्तालाई जबाफदेही बनाउने, सार्वजनिक वित्त व्यवस्थापनमा नीतिगत एवं संरचनागत सुधारका लागि सरकारलाई सिफारिस गर्ने र यसको अनुगमन गर्ने हुनुपर्छ।

यसका लागि संघीय तथा प्रादेशिक सार्वजनिक लेखा समिति र स्थानीय तहका लेखा समितिहरूको प्राविधिक क्षमता पनि अभिवृद्धि गर्नुपर्छ। किनकि सार्वजनिक वित्त व्यवस्थापन आफैमा प्राविधिक विषय हो।

यो कामका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रादेशिक तालिम केन्द्रहरूको दायरा र क्षमता पनि सोही अनुसार अभिवृद्धि गरी उनीहरूलाई थप क्रियाशील बनाउने, उनीहरूबीच कार्यमूलक सम्बन्ध स्थापित गर्ने, तालिम प्रदायक संस्था तथा व्यक्तिको गुणस्तर प्रमाणीकरण आदि कार्य गर्न पनि उत्तिकै जरूरी भइसकेको छ।

प्रत्येक सार्वजनिक कार्यको वित्तीय असर हुन्छ। तसर्थ शासकीय सुधार र सार्वजनिक वित्त व्यवस्थापन एकआपसमा अन्योन्याश्रित विषय हुन्। अनि सरकारले खर्च गर्ने प्रत्येक रूपैयाँ जनताले तिरेको करबाट प्राप्त हुने हुँदा सार्वजनिक वित्त व्यवस्थापनको बहस अब प्रत्येक खर्च किन, कहाँ र कसरी भइरहेको छ भन्ने प्रश्नमा केन्द्रित हुनुपर्छ।

योजना छनोटमा अराजकता, लाभांश-प्रेरित सार्वजनिक खरिद र संस्थागत हुँदै गएको बेरूजु प्राविधिक कमजोरीभन्दा बढी राजनीतिक इच्छाशक्ति, जबाफदेहिता र शासन संस्कृतिसँग गाँसिएका छन्।

यसलाई परिवर्तन गर्न पेफा जस्ता प्राविधिक सुधारका ढाँचाहरू आधार बन्न सक्छन्। तर तिनलाई सार्थक बनाउने शक्ति राजनीतिक प्रतिबद्धता, स्पष्ट जिम्मेवारी बाँडफाँट र दण्डहीनताको अन्त्यमा निहित छ।

संघीय संरचनामा अधिकार र दायित्वको स्पष्टता, प्रतिस्पर्धात्मक र पारदर्शी खरिद प्रणाली तथा लेखा समिति मार्फत संसदको प्रभावकारी लोकतान्त्रिक निगरानी स्थापित गर्न सकिए मात्र सार्वजनिक स्रोतको प्रयोग नागरिकका अपेक्षा र संविधानका उद्देश्य अनुकूल हुन सक्छन्।

जनताको करबाट जम्मा भएको सार्वजनिक रकम शक्तिशाली चौतर्फी तन्त्रका लागि मात्र प्रयोग भएको छ कि आम नागरिकको सुविधाका लागि भएको छ भन्ने यकिन गर्नु शासकीय सुधारको महत्वपूर्ण पाटो हो। अबका प्रत्येक शासकीय सुधारका पाइलामा यो प्रश्नको कठघरामा राजनीतिक र प्रशासनिक नेतृत्व हुनेछ, हुनुपर्छ।

शासकीय सुधारको बहसलाई सतही लोकप्रियताबाट माथि उठाएर राजनीतिक अर्थ-व्यवस्थाको गहिरो विश्लेषणमा आधारित बनाउन सकिए मात्र सार्वजनिक खर्च वास्तवमै नागरिकको हितमा प्रयोग हुन सक्छ र, जुनसुकै शासन व्यवस्थामा पनि यही तथ्य लागू हुन्छ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर